Phone No.: ०१-५७०८१००
E-mail : pmamp.piu.bhaktapur@gmail.com
Website: piubhaktapur.pmamp.gov.np

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
## कार्यक्रम कार्यान्वयन एकाई, भक्तपुर
सुर्यविनायक नगरपालिका-८, चाँदडोल, भक्तपुर

प.सं: ०८३/८४
च.नं.: १

मिति: २०८३/०४/०५

विषय: सूचना टाँस सम्बन्धमा ।

श्री गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चापागाउँ, ललितपुर ।

उपरोक्त सम्बन्धमा यस कार्यक्रम कार्यान्वयन एकाइबाट मिति २०८३/०४/०५ मा प्रकाशित सूचना नं १ को सूचिकृत हुन तथा कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हान सम्बन्धी सूचना यसै पत्रसाथ संलग्न छ । उक्त सूचना तहाँ कार्यालयको सूचना पाटीका साथै सबै वडा कार्यालयहरुमा टाँस गरि सोको जानकारी यस कार्यालयलाई गराई सहयोग गरिदिनु हुन अनुरोध गर्दछु ।

..........................
चुडामणि भट्टराई
वरिष्ठ कृषि अधिकृत

चुडामणी भट्टराई
वरिष्ठ कृषि अधिकृत

"आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, विशिष्टीकरण र औद्योगिकीकरण"

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाई, भक्तपुर
(कार्यक्षेत्र: भक्तपुर, काठमाण्डौं र ललितपुर)
सूर्यविनायक न.पा.-५, चुनदेवी

☎०१-५७०८१००
Email:pmamp.piu.bhaktapur@gmail.com
Website: piubhaktapur.pmamp.gov.np

सूचना नं.: ०१

# सुचिकृत हुन तथा कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०४/०५)

प्रचलित नियम कानुन र स्वीकृत कार्यविधि,निर्देशिका /म्यानुअल तथा नर्मसहरु अनुसार संचालन हुने राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम , कार्यक्रम कार्यान्वयन एकाई, भक्तपुर को आ.व.२०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार भक्तपुर, ललितपुर र काठमाण्डौं जिल्लाहरुमा संचालित विभिन्न वालीका जोन( व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र ) क्षेत्रमा संचालन हुने तपसिल वमोजिमका कार्यक्रममा सहभागी हुन चाहने संवन्धित जोन क्षेत्रका सुचिकृत कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता समिति र निजी कृषि फर्म तथा कृषि कम्पनीहरुका आधिकारिक व्यक्तिले यस कार्यालयको निर्धारित ढांचाको आवेदनसाथ निम्न बमोजिमको आवश्यक कागजातहरु सहित कार्यालय समयभित्र कार्यक्रम कार्यान्वयन एकाई, भक्तपुर वा सम्बन्धित जोन प्राविधिक एकाइ ललितपुर वा काठमाण्डौं मा सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र अर्थात् मिति २०८३ भाद्र ०८ गते भित्र (अन्तिम दिन सार्वजनिक विदा परेको खण्डमा त्यराको भोलिपल्ट) तोकिए वमोजिमको लागत सहभागिता सहितको अनुदानमा संचालन हुने कार्यक्रमहरुका लागि प्रस्ताव पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

पुनश्च : हालसम्म सुचिकृत नभएका कृषक समूह/ कृषि सहकारी/जल उपभोक्ता समिति/नीजि कृषि फर्म तथा कृषि कम्पनीहरुले आवेदन सहितको प्रस्ताव पेश गर्ने अन्तिम म्याद अगावै नियमानुसार सम्बन्धित जोनमा सूचिकृत हुन तथा सुचिकृत कृषक समूह/ कृषि सहकारी/जल उपभोक्ता समिति/नीजि कृषि फर्म तथा कृषि कम्पनीहरुलाई आफ्नो विवरण अध्यावधिक गराउनु भइ सूचीकरण नविकरण गराई सूचना वमोजिमको कार्यक्रममा सहभागिताको लागि प्रस्ताव पेश गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

कार्यक्रम कार्यान्वयन एकाई, भक्तपुर अन्तर्गत संचालन हुने

| क्र. सं. | स्वीकृत कार्यक्रम | इकाई | लक्ष्य | स्वीकृत वजेट रु.लाखमा | कार्यक्रम अनुदान विवरण | कार्यक्रम संचालन हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार (पुँजीगत) | संख्या | १ | १ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | काठमाण्डौं, ललितपुर, भक्तपुरका तरकारी तथा आलु जोन क्षेत्रहरुमा | -बाँध, नहर, कुलो, पैनी, स्यालो टयुवेल, बोरिङ्ग, पक्की पानी संकलन टयांकी /इन्टेक आदि लगायतका पक्की सरंचना निर्माणका लागि |
| २ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | संख्या | ११ | १६.५ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | काठमाण्डौं, ललितपुर, भक्तपुरका तरकारी तथा आलु जोन क्षेत्रहरुमा | -बाँध, नहर, कुलो, पैनी, स्यालो टयुवेल, पक्की पानी संकलन टयांकी /इन्टेक आदि लगायतका पक्की सरंचना निर्माणका लागि<br>- सिंचाईको लागि आवस्यक पाइप,मोटर सेट ,प्लास्टिकको टयांकी ,थोपा सिंचाई सेट जडान लगायतका सामग्री समेत |

चुडामणि भट्टराई
वरिष्ठ कृषि अधिकृत



CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | -थोपा सिंचाई सेट जडानको हकमा कम्तिमा २ रोपनी वा सो भन्दा बढी क्षेत्रमा सिंचाई हुने सुनिश्चितता हुनु पर्ने । |
| ३ | मल्चिंग प्लास्टिक तथा ग्रीन नेट \इन्सेक्त नेट सहयोग कार्यक्रम | पटक /संख्या | १ | ५ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | काठमाण्डौं, ललितपुर, भक्तपुरका तरकारी तथा आलु जोन क्षेत्रहरुमा | -मागको आधारमा खेती गरिएको क्षेत्रफल अनुसार |
| ४ | कृषि तथा पशुपन्छी उद्यमशिलता कार्यक्रम-उद्यमशिलता कार्यक्रमको लागि अनुदान कार्यक्रम | पटक | ३५ | १४० | -प्रति प्रस्ताव बढीमा ४ लाख रुपैया सम्म वा स्वीकृत प्रस्ताव अनुसार कार्य सम्पन्न प्रगतिका आधारमा कुल लागतको बढीमा ५० प्रतिशत रकम अनुदान स्वरुप शोधभर्ना गरिने। | काठमाडौं ललितपुर भक्तपुर जिल्लाभरि | -कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि,२०८२ को परिच्छेद-२, दफा ४ मा उल्लेख भए वमोजिमका बाली/वस्तु तथा मूल्य-श्रृंखलाका क्षेत्रहरुमा संचालन गरिने।<br>कार्यविधि-संशोधन भइ आएको खण्डमा सोहि अनुसार हुने |
| ५ | तरकारी जोन लागु भएका जिल्लाहरुमा व्यवसायिक प्याज प्रवर्द्धन कार्यक्रम - व्यवासायिक प्याज प्रवर्द्धन कार्यक्रम | पटक | १ | २.८ | स्वीकृत दररेटमा ५० प्रतिशत | काठमाडौं ललितपुर भक्तपुर जिल्लाभरि | -मागको आधारमा प्याजको बीउ लगायत प्रांगारिक मल,कृषि चुन लगायत उत्पादन सामाग्री खरिदमा सहयोग । |
| ६ | माटो स्वास्थ्य सधार कार्यक्रम -प्राङ्गारक मल/ भर्मी कम्पोष्ट/जैविक मल वा बिषादि उत्पादन उद्योग संचालनका लागि आवश्यक पूर्वाधार निर्माण तथा मेशिनरी यन्त्र उपकरण खरिदमा सहयोग | पटक /संख्या | १ | ५ | स्वीकृत कार्यविधि,निर्देशिका /म्यानुअल तथा नर्मसहरुमा व्यवस्था भए बमोजिम | काठमाण्डौं, ललितपुर, भक्तपुरका तरकारी तथा आलु जोन क्षेत्रहरुमा | - प्राङ्गारक मल/ भर्मी कम्पोष्ट/जैविक मल वा बिषादि उत्पादन एबं उत्पादनका प्राथमिक प्रशोधन वा प्रशोधन उधोग स्थापना आदिका लागि पुंजीगत अनुदान<br>- मेशिनरी यन्त्र उपकरण खरिदमा सहयोग |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
भक्तपुर

चूडामणी भट्टराई
वरिष्ठ कृषि अधिकृत



CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | माटो स्वास्थ्य सधार कार्यक्रम - माटो सधारका लागी कृषि चुन /जिप्सम/सुक्ष्मतत्व आदि सहयोग कायक्रमु | पटक /संख्या | १ | ३.५ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | काठमाण्डौ, ललितपुर, भक्तपुरका तरकारी तथा आलु जोन क्षेत्रहरुमा | -खेती गरिएको क्षेत्रफलको आधारमा |
| ८ | माटो स्वास्थ्य सधार कार्यक्रम- प्राङ्गारक मल/भर्मी कम्पोष्ट प्रवद्धन कायक्रम | पटक /संख्या | ३ | ८.४ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | काठमाण्डौ, ललितपुर, भक्तपुरका तरकारी तथा आलु जोन क्षेत्रहरुमा | -माटो जांच र मागको आधारमा खेती गरिएको क्षेत्रफल अनुसार |

आलु जोन-भक्तपुर अन्तर्गत संचालन हुने (चाँगुनारायण न.पा.को सवै वडाहरु)

| क्र.सं. | स्वीकृत कार्यक्रम | इकाई | लक्ष्य | स्वीकृत वजेट रु.लाखमा | कार्यक्रम अनुदान विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| ९ | उन्नत प्रविधि सहित क्षेत्रफल विस्तार | हेक्टर | ४ | ५.४ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | -सम्वन्धित वस्तु विशेषको क्षेत्र विस्तारको लागि बीउ/बेर्ना,प्रांगारिक मल,कृषि चुन लगायत उत्पादन सामाग्री ,पूर्वाधार एवं यन्त्र उपकरण खरिदमा सहयोग । |
| १० | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | १ | ५ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | -सम्वन्धित वस्तु विशेष जोनका आधारमा उत्पादन र प्रसोधनमा प्रयोग हुने कृषि यन्त्र/उपकरण/औजारहरु को खरिदका लागि पुँजीगत अनुदान |

तरकारी जोन-भक्तपुर अन्तर्गत संचालन हुने(मध्यपुर थिमी न.पा., सुर्यविनायक न.पा. चाँगुनारायण न.पा.को सवै वडाहरु)

| क्र.सं. | स्वीकृत कार्यक्रम | इकाई | लक्ष्य | स्वीकृत वजेट रु.लाखमा | कार्यक्रम अनुदान विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| ११ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार(पुँजीगत ) | संख्या | १ | १ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | -बाँध, नहर, कुलो, पैनी, स्यालो ट्युवेल, पक्की पानी संकलन ट्यांकी /इन्टेक आदि लगायतका पक्की सरंचना निर्माणका लागि |
| १२ | प्लाष्टिक घर निर्माण सहयोग | रोपनी | १०० | १५ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | कम्तिमा २ रोपनी क्षेत्रमा स्थाई वा बाँसको टनेल निर्माण गरि खेती गरेको हुनुपर्ने वा ५ मि. X १२ मि. का ८ वटा टनेल हुनुपर्ने - टनेलको लागि UV प्लास्टिक लगायत अन्य आवस्यक सामाग्रीहरु खरिदमा सहयोग |
| १३ | उन्नत प्रविधि सहित क्षेत्र विस्तार | हेक्टर | १२ | १२ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | -सम्वन्धित वस्तु विशेषको क्षेत्र विस्तारको लागि बीउ/बेर्ना,प्रांगारिक मल,कृषि चुन लगायत उत्पादन सामाग्री ,पूर्वाधार एवं यन्त्र उपकरण खरिदमा सहयोग । |
| १४ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | १ | ८ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | -सम्वन्धित वस्तु विशेष जोनका आधारमा उत्पादन र प्रसोधनमा प्रयोग हुने कृषि |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
भक्तपुर

चुडामणी भट्टराई
वरिष्ठ कृषि अधिकृत



CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | यन्त्र/उपकरण/औजारहरुको खरिदका लागि पुँजीगत अनुदान |

आलु जोन-काठमाडौं अन्तर्गत संचालन हुने (शंखरापुर न.पा.र कागेश्वोरी मनोहरा न.पा.को सबै वडाहरु)

| क.सं. | स्वीकृत कार्यक्रम | इकाई | लक्ष्य | स्वीकृत बजेट रु.लाखमा | कार्यक्रम अनुदान विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| १५ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार(पुँजीगत ) | संख्या | १ | १ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | -बाँध, नहर, कुलो, पैनी, स्यालो ट्युवेल, पक्की पानी संकलन टयांकी /इन्टेक आदि लगायतका पक्की सरंचना निर्माणका लागि |
| १६ | आलुको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि बीउ आलुमा अनुदान(५०%) कार्यक्रम | क्विन्टल | २०० | १० | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | - नेपाल सरकारबाट स्वीकृत उन्नत जातको बीउ आलु स्वीकृत दर वितरण हुने<br>-व्यवसायिक आलु खेती मा संलग्न समुह/सहकारी/निजी फर्म का लागि बर्खे र हिउँदे आलु खेतीका लागि |
| १७ | उन्नत प्रविधि सहित क्षेत्र विस्तार | हेक्टर | ६ | ८.१ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | -सम्बन्धित वस्तु बिशेषको क्षेत्र विस्तारको लागि बीउ/बेर्ना,प्रांगारिक मल,कृषि चुन लगायत उत्पादन सामाग्री ,पूर्वाधार एवं यन्त्र उपकरण खरिदमा सहयोग । |
| १८ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | १ | ८ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | -सम्वन्धित वस्तु विशेष जोनका आधारमा उत्पादन र प्रसोधनमा प्रयोग हुने कृषि यन्त्र/उपकरण/औजारहरु को खरिदका लागि पुंजीगत अनुदान |

तरकारी जोन-काठमाडौं अन्तर्गत संचालन हुने (नागार्जुन न.पा., चन्द्रागिरी न.पा. र तार्केश्वोर न.पा.को सबै वडाहरु)

| क.सं. | स्वीकृत कार्यक्रम | इकाई | लक्ष्य | स्वीकृत बजेट रु.लाखमा | कार्यक्रम अनुदान विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| १९ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार(पुँजीगत ) | संख्या | १ | १ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | -बाँध, नहर, कुलो, पैनी, स्यालो ट्युवेल, पक्की पानी संकलन टयांकी /इन्टेक आदि लगायतका पक्की सरंचना निर्माणका लागि |
| २० | गोलभेडाको ग्राफटेड बेर्ना लगायत अन्य तरकारी बालीहरुको उन्नत बीउ एवं बेर्ना वितरण | पटक | १ | १.४ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | -मागको आधारमा खेती गरिएको क्षेत्रफल अनुसार गोलभेडाको ग्राफटेड बेर्ना लगायत अन्य तरकारी बालीहरुको उन्नत बीउ एवं बेर्नाहरु |
| २१ | प्लाष्टिक घर निर्माण सहयोग | रोपनी | १०० | १५ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | कम्तिमा २ रोपनी क्षेत्रमा स्थाई वा बाँसको टनेल निर्माण गरि खेती गरेको हुनुपर्ने वा ५ मि. X १२ मि. का ८ वटा टनेल हुनुपर्ने<br>- टनेलको लागि UV प्लास्टिक लगायत अन्य आवस्यक सामाग्रीहरु खरिदमा सहयोग |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
कार्यक्रम कार्यान्वयन एकाइ
भक्तपुर

चूडामणि भट्टराई
वरिष्ठ कृषि अधिकृत



CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२ | उन्नत प्रविधि सहित क्षेत्र विस्तार | हेक्टर | १२ | १२ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | -सम्वन्धित वस्तु विशेषको क्षेत्र विस्तारको लागि बीउ/वेर्ना,प्रांगारिक मल,कृषि चुन लगायत उत्पादन सामाग्री ,पूर्वाधार एवं यन्त्र उपकरण खरिदमा सहयोग । |
| २३ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | १ | ८ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | -सम्वन्धित वस्तु विशेष जोनका आधारमा उत्पादन र प्रसोधनमा प्रयोग हुने कृषि यन्त्र/उपकरण/औजारहरुको खरिदका लागि पुंजीगत अनुदान |

तरकारी जोन-ललितपुर अन्तर्गत संचालन हुने (गोदावरी न.पा., कोञ्जोसोम गा.पा.,बाग्मती गा.पा. र महालक्ष्मी न.पा.को सबै वडाहरु)

| क्र.सं. | स्वीकृत कार्यक्रम | इकाई | लक्ष्य | स्वीकृत वजेट रु.लाखमा | कार्यक्रम अनुदान विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| २४ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार(पुंजीगत ) | संख्या | १ | १ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | -बाँध, नहर, कुलो, पैनी, स्यालो टयुवेल, पक्की पानी संकलन टयांकी /इन्टेक आदि लगायतका पक्की सरंचना निर्माणका लागि |
| २५ | प्लाष्टिक घर निर्माण सहयोग | रोपनी | १०० | १५ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | कम्तिमा २ रोपनी क्षेत्रमा स्थाई वा बाँसको टनेल निर्माण गरि खेती गरेको हुनुपर्ने वा ५ मि. X १२ मि. का ८ वटा टनेल हुनुपर्ने - टनेलको लागि UV प्लास्टिक लगायत अन्य आवस्यक सामाग्रीहरु खरिदमा सहयोग |
| २६ | उन्नत प्रविधि सहित क्षेत्र विस्तार | हेक्टर | १० | १० | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | -सम्वन्धित वस्तु विशेषको क्षेत्र विस्तारको लागि बीउ/वेर्ना,प्रांगारिक मल,कृषि चुन लगायत उत्पादन सामाग्री ,पूर्वाधार एवं यन्त्र उपकरण खरिदमा सहयोग । |
| २७ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | १ | ८ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | -सम्वन्धित बस्तु विशेष जोनका आधारमा उत्पादन र प्रसोधनमा प्रयोग हुने कृषि यन्त्र/उपकरण/औजारहरुको खरिदका लागि पुंजीगत अनुदान |

दुध (गाई/भैसी) जोन -ललितपुर अन्तर्गत संचालन हुने (गोदावरी न.पा., कोञ्जोसोम गा.पा. र बाग्मती गा.पा.को सबै वडाहरु ।

| क्र.सं. | स्वीकृत कार्यक्रम | इकाई | लक्ष्य | स्वीकृत वजेट रु.लाखमा | कार्यक्रम अनुदान विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| २८ | गोठ सुधार कार्यक्रम | संख्या | २० | १२ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | -कम्तिमा ५ वटा माउ गाई/भैंसी पालेको हुनु पर्ने -कार्यक्रम अन्तर्गत गोठका साथै मलखाद व्यवस्थापनको काम गर्नुपर्ने |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
भक्तपुर

...मणी भट्टराई
वरिष्ठ कृषि अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | १ | ८ | स्वीकृत दररेटको ५०% प्रतिशत अनुदान | -कम्तिमा ५ वटा माउ गाई/भैंसी पालेको हुनु पर्ने वा दुग्ध संकलन केन्द्र वा विकेताको रुपमा कार्य गरेको हुनुपर्ने<br>- पशुपालन (गाई-भैंसी) तथा प्रसोधनका लागि आवस्यक मेसिनरी औजार एवं सामाग्री सहयोग-चाफ कटर,मिल्किंग मेसिन,मिल्क एनालैजर,चिलिंग भ्याट, काऊ म्याट आदि खरिदमा |

## आवेदनका साथ संग्लग्न गर्नुपर्ने कागजातहरु

१. संस्थाको छाप सहितको रु. १० को हुलाक टिकट टाँसेको कार्यालयले तोकेको ढाँचामा आवेदन ।

२. कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमी (फर्म) संबन्धित सरकारी निकायमा विधिवत रुपमा संस्था दर्ता भएको तथा नियमानुसार नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपी।

३. समुह सहकारीको हकमा सुचिकृत हुनका लागि जोनमा आवद्दता सम्वन्धि संस्थाको बैठकको निर्णयको प्रतिलिपी तथा कार्यक्रम मागका लागि कार्यक्रम अनुसार लाभग्राही छनौटको निर्णयको प्रतिलिपि ।

४. सम्वन्धित गाँउ पालिका, नगरपालिका, वडा कार्यालय वा पालिकाको कृषि शाखाको सिफारिश पत्र ।

५. सहकारी सस्था/फर्महरुको आ.व २०८१/८२ वा अघिल्लो आ.व. को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी ।

६. कर तिर्नुपर्ने संस्थाले आ.व २०८१/८२ वा अघिल्लो आ.व. मा कर तिरेको रसिद वा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

७. स्थायी लेखा नम्वर (PAN) प्रमाण पत्रको प्रतिलिपी ।

८. आवेदन दिने संस्थाको आधिकारिक व्यक्तिको नागरिकताको र संलग्न कृषकहरुको जग्गाको लालपूर्जाको प्रतिलिपी ।यदि जग्गा भाडामा लिएको हो भने कम्तिमा ५ वर्षको सम्झौता पत्र पेश गर्नुपर्नेछ । साथै पूर्वाधार निर्माणको हकमा कम्तीमा १० वर्षको सम्झौता अवधि बाँकी हुनुपर्नेछ ।

पुनश्चः आवेदक जोनसँग सम्बन्धित बालीको उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धि कार्यमा व्यवसायिक रुपमा संलग्न रहेको हुनुपर्नेछ । आवेदनमा माग भए बमोजिमका सम्पूर्ण कागजात र प्रक्रिया नपुगेको खण्डमा ति कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/उद्यमी (फर्म) हरुलाई जोनमा आवद्धता दिन र प्रस्ताव दर्ता गर्नका लागि कार्यक्रम कार्यान्वयन एकाई बाध्य हुने छैन ।

नोटः

- गत आ.व.मा संबन्धित जोनमा सूचिकृत भइ सकेका सम्पूर्ण कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमी (फर्म) हरुले अनिवार्य रुपमा तोकिएको ढाँचामा विवरण पेश गरि अद्यावधिक गराउनु पर्ने छ ।
- साथै गत आ.व. कार्यक्रम संचालन गर्दा सहभागी नभएका व्यवसायिक संस्थाहरुलाई प्राथमिक्ता दिईने छ ।
- गत आ.ब.को कार्यक्रममा अनुदान प्राप्त संस्थाहरुलाई सोहि कार्यक्रममा दोहरिने गरि कार्यक्रमको आवेदन लिइने छैन। साथै समुह/सहकारीको हकमा गत आ.ब.को कार्यक्रममा अनुदान पाएका सदस्यहरु नदोहरिने र नपाएका सदस्यहरुले पाउने सुनिश्चितताको लागि लाभग्राहीको नाम सहितको बैठकको निर्णय र अघिल्लो आ.ब.का लाभग्राहीहरुको भरपाई निवेदनका साथ अनिवार्य संलग्न गर्नु पर्ने छ।
- निवेदकले समान प्रकृतिको कामका लागि आफ्नै समूहको स्रोत बाहेक अन्य कुनै सरकारी, गैह सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि माग गरेको वा प्राप्त गरेको भए स्पष्ट रुपमा कार्यक्रम कार्यान्वयन एकाईलाई जानकारी गराउनु पर्नेछ। समान प्रकृतिको कामका लागि एउटै आ.व. मा अन्य कुनै निकायबाट अनुदान लिन पाइने छैन। यदि बदनियत पूर्ण रुपमा अन्य कुनै निकायबाट समान प्रकृतिको कामका लागि एउटै आ.व.मा अनुदान लिएको पाइएमा प्रचलित कानुन बमोजिम कार्वाही र सरकारी बाँकि सरह असुल उपर गरेमा कुनै उजुर बाजुर गर्ने छैन भनि स्व-घोषणा गर्नु पर्नेछ ।

## आवेदन पेश गर्ने कार्यालयः

| | | |
|---|---|---|
| कार्यक्रम कार्यान्वयन एकाइ- भक्तपुर,<br>सूर्यविनायक न.पा.-५, चनदेवी, भक्तपुर<br>सम्पर्क नंबर: ०१-५७०८१०० | जोन प्राविधिक एकाइ-ललितपुर,<br>गोदावरी न.पा.-१२ ठेचो ललितपुर<br>सम्पर्क नंबर: ०१-५५७०२७३ | जोन प्राविधिक एकाइ-काठमाण्डौं,<br>[illegible] न.पा.-६, गोंगबु, काठमाण्डौं<br>सम्पर्क नंबर: ०१-४४५१६५२ |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
भक्तपुर

...डामणी भट्टराई
वरिष्ठ कृषि अधिकृत

CamScanner